नौबहिनी गाउँपालिकाका उपाध्यक्ष श्री विष्णा थापाले गाउँसभामा प्रस्तुत गर्नुभएको नौबहिनी गाउँपालिकाको आर्थिक वर्ष २०८३ /०८४ को

# बजेट बक्तव्य

नौबहिनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

लुङ्ग, प्यूठान

लुम्बिनी प्रदेश नेपाल ।

**गाउँसभाका श्रद्धेय अध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरू,**

१. नेपालको संविधानको धारा २३०मा भएको बमोजिम नौबहिनी गाउँपालिकाको यस गरिमामय गाउँसभामा उपाध्यक्षको हैसियतले नौबहिनी गाउँपालिकाको आर्थिक वर्ष२०८३/०८४ को नीति तथा कार्यक्रममा आधारित वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु ।यस बजेटलाई **सभ्य, समृद्ध र सुखी नौबहिनीवासी**को लक्ष्य हासिल गर्ने प्रमुखआधारका रूपमा लिएकोछु।

२. यस अवसरमा म राष्ट्र,राष्ट्रियता, नेपाली जनताको रक्षा, लोकतन्त्र प्राप्ति, अग्रगामी परिवर्तन तथा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि विभिन्न समयमाभएका जनआन्दोलन, सशस्त्र संघर्ष, नव पुस्ता आन्दोलन लगायतका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवनको बलिदान गर्नुहुने सम्पूर्ण सहिदहरूमा हार्दिकश्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै बेपत्ता तथा घाइते योद्धाहरू र उहाँहरूको परिवारजनप्रति सहानुभूति प्रकट गर्दै उहाँहरूको अतुलनीय योगदानप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. जनतामा बढ्दो आकाङ्क्षा र गाउँपालिकाको सीमित स्रोतका बाबजुद प्राप्त सीमित स्रोत साधन र बजेटको विवेकपूर्ण विनियोजन र कुशल कार्यान्वयन गर्नुपर्ने वर्तमान तथ्यलाई आत्मसात गर्दै आगामी आ.व.२०८३/०८४ को बजेट प्रस्तुत गरेको छु।

४. **"सभ्य, समृद्धर सुखी नौबहिनीवासी"**को दीर्घकालीन लक्ष्य हासिल गर्न उत्पादन र उत्पादकत्व वृद्धि, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार र मानवीय विकासमा जोड, सुशासन, सामाजिक न्यायमा आधारित समतामूलक समाजसहितको गाउँपालिकाका रूपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छ ।

५. आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान, प्रचलित कानुनहरू, नेपाल सरकारको सोह्रौं योजना,नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम बजेट वक्तव्य,लुम्बिनी प्रदेश सरकारको आवधिक योजना, दिगो विकास लक्ष्य,स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, गाउँपालिकाद्वारा निर्मित विविध कानुनहरू,गाउँपालिकाको आवधिक योजना, गाउँकार्यपालिका र गाउँसभाका निर्णयहरूलाई मुख्य आधार बनाएको छु।गाउँपालिका स्तरीय राजनैतिक दलहरूलगायत विभिन्न क्षेत्रका सरोकारवालाहरूसँगको अन्तरक्रिया तथा छलफल कार्यक्रम र नौबहिनीवासी जनसमुदायबाट प्राप्त हुन आएका महत्त्वपूर्ण सुझावहरूलाई समेत बजेट निर्माणको प्रमुख आधारका रूपमा लिएको छु ।

६. यस बजेटले **चालु खर्चलाई नियन्त्रण तथा न्यूनीकरण** गर्दै विकासमुखी र प्रतिफलयुक्त क्षेत्रमा लगानी केन्द्रित गर्ने नीति लिएको छ। बजेट कार्यान्वयनका प्रत्येक चरणमा पारदर्शिता, जवाफदेहिता र जनसहभागितालाई विशेष महत्व दिइनेछ।

सभाका अध्यक्षज्यू,

सभाका सदस्यज्यूहरू,

७. **अब म आर्थिक वर्ष २०८३/०८४को बजेटका प्रमुख उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु।**

## बजेटका प्रमुख उद्देश्यहरू

१. नौबहिनी गाउँपालिकाको आर्थिक, सामाजिक रूपान्तरणको आधार तय गर्ने।

२. सुशासन, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणलाई प्रवर्द्धन गर्ने।

३. महिला, बालबालिका, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको सशक्तीकरण गर्ने।

४. रोजगारी सिर्जना, गरिबी निवारण र सामाजिक न्यायका लागि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

५. शिक्षा, स्वास्थ्य र खेलकुदको विकासका माध्यमबाट सामाजिक, सांस्कृतिक र मानवीय विकास गर्ने।

६. नागरिकहरूमा विकास र शासकीय लाभको समन्यायिक वितरण गर्ने।

७. नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख व्यवस्था निर्माणका लागि आधार तय गर्ने।

८. दिगो विकासका लक्ष्यहरूको स्थानीयकरणगरी कार्यक्रम कार्यान्वयन गर्ने।

९. नागरिकको जीवनस्तर सुधार गर्दै समृद्ध र आत्मनिर्भर नौबहिनी गाउँपालिका निर्माण गर्ने।

## बजेटका प्राथमिकताहरू:

१. कृषि, पशुपालन तथा स्थानीय उत्पादन प्रवर्द्धनगरी आयआर्जन र रोजगारी वृद्धि,

२. आन्तरिक पर्यटन प्रवर्द्धन र रोजगारी वृद्धि

३. गाउँपालिकाको भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ, विद्युत्, भवन आदि) लाई प्राथमिकता दिई निर्माण तथा स्तरोन्नति,

४. आर्थिक,सामाजिक तथा मानवीय विकास,

५. वातावरणमैत्री, सुरक्षित र दिगो पूर्वाधार विकास,

६. गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सेवा प्रवाह विस्तारतथा सबै नागरिकको पहुँच सुनिश्चित,

७. गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमहरू कार्यान्वय,

८. वातावरण संरक्षण तथाविपद् जोखिम न्यूनीकरण कार्यक्रमलाई प्रवर्द्धन,

९. महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको सशक्तीकरण,

१०.सुशासन, डिजिटल सेवा प्रवाह, पारदर्शिता र संस्थागत क्षमता अभिवृद्धि,

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरू,**

**अब म आर्थिक वर्ष २०८१/०८२ को आयव्ययको यथार्थ स्थिति, चालु आ.व. २०८२/०८३ को आयव्ययको संसोधित अनुमान र आगामी आ.व. २०८३/०८४ को आयव्ययको प्रक्षेपण सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।**

**गत आव २०८१/०८२ मा गाउँपालिकाको खुद आम्दानी ४९ करोड ५ लाख२४ हजार ९ सय १८ रुपियाँ ८७ पैसा भएकोमा सोही आव मा ४८ करोड ३० लाख ८५ हजार १० रुपियाँ ४६ पैसा खर्च भएको छ ।**

**चालु आव २०८२/०८३ को असार मसान्त सम्मको संशोधित आय अनुमान ५६ करोड २० लाख ६४ हजार २ सय ६६ रुपियाँ ३० पैसा रहेकोछ भने आर्थिक वर्षको अन्तिमसम्म ५० करोड ५ लाख २४ हजार ४३ रुपियाँ १ पैसा व्यय हुने अनुमान गरेको छु ।**

सभाध्यक्षज्यू,

सभाका सदस्यहरु

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमा समावेश गरिएका प्रमुख योजना तथा कार्यक्रम र नीति प्रस्तुत गर्दछु ।

८. नौबहिनी गाउँपालिकाको आर्थिक विकासको प्रमुख आधारका रूपमा रहेको कृषि, पशुपन्छी विकास, रोजगारी, उद्यमशीलता तथा सहकारी क्षेत्रमा पर्याप्त लगानी गर्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै आर्थिक विकास तर्फ रु.३ करोड १० लाख ५० हजार रुपियाँ विनियोजन गरेकोछु । जसमध्ये

**<u>कृषि विकास तर्फ</u>**

९. नौबहिनी गाउँपालिकालाई अर्गानिक कृषि उत्पादनको हब बनाउनका लागि जैविक खेती प्रणाली, बिउमा आत्मनिर्भरता, उत्पादनमा आधारित ढुवानी लगाएतका कार्यक्रम तर्जुमा गरिएको छ ।

१०. तरकारी बालीको बिउमा आत्मनिर्भर तथा बिउ निर्यात मार्फत कृषिलाई नगदमा रुपान्तरण गर्न रातो मुला र सिमीको बिउ उत्पादन कार्यक्रमका लागि रु ४ लाख बजेट विनियोजन गरेको छु ।

११. जैविक मल तथा विषादी उत्पादन गरी अर्गानिक कृषि प्रणालीलाई प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१२. वडा नं. १ स्याउलीवाङ्गमा गत वर्ष देखि सञ्चालित पकेट विकास कार्यक्रमबाट उत्पादित प्यूठानकै विषादीमुक्त, रैथाने, स्वादिष्ठ आलु बजारीकरणका लागि ढुवानीमा अनुदान दिने व्यवस्था गरेको छु ।

१३. वडा नं. ६ लुङ्ग लेखमा सञ्चालित सुन्तला पकेट विकास कार्यक्रम निरन्तरताको लागि रु ६ लाख बजेट व्यवस्था गरेको छु ।

१४. निर्वाहमुखी कृषिलाई व्यवसायीमुखी बनाई गरीवीनिवारणलाई टेवा पुराउने उदेश्यले वडा नं. ६ मा सञ्चालिन मकैको बिउ उत्पादन कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१५. एक वडा एक उत्पादन कार्यक्रम अन्तरगत किसानको मागमा आधारित कार्यक्रम सञ्चालन गर्न रु ४ लाख बजेट विनियोजन गरेको छु ।

**<u>पशु विकास तर्फः</u>**

१६. **"स्वस्थ पशु, स्वस्थ मानिस"** भन्ने नारालाई आत्मसात गर्दै पशु रोग उपचारको लागि आवश्यक औषधी तथा उपकरण खरिद गर्न रु ६ लाख बजेट विनियोजन गरेको छु ।

१७. परम्परागत कृषि प्रणालीबाट कृषकहरुलाई आधुनिक कृषि प्रणाली तर्फ रुपान्तरण गर्न कृषक क्षमता विकास कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१८. नौबहिनी गाउँपालिकालाई मासु र दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउनका लागि सञ्चालित **किसानको उत्पादन गाउँ सरकारको अनुदान** कार्यक्रमलाई निरन्तरता दिँदै रु ४ लाख बजेट विनियोजन गरेको छु।

१९. गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक कुकुरहरूको व्यवस्थापन तथा नियन्त्रण गर्न कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालनार्थ आवश्यक बजेट विनियोजन गरेको छु।

<u>सहकारी, रोजगार, सीप तथा उद्यमशीलता तर्फ</u>

२०. गाउँपालिकाभित्र क्रियाशील रहेका सहकारी संघसंस्थाहरूको क्षमता विकास तथा सुदृढीकरणका लागि कोपोमिस सम्बन्धी तालिम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

२१. नौबहिनी गाउँपालिकामा उत्पादन उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुन एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्नका लागि रु २० लाख ९४ हजार बजेटको व्यवस्था गरेको छु ।

२२. नौबहिनी गाउँपालिकाबाट विभिन्न कामको शिलशिलामा विदेश गएका नागरिकहरुको विवरण र उनीहरुले पठाएको रेमिटान्स रकम कति छ र के के मा खर्च हुन्छ भनि यथार्त विवरण थाहा पाउन **नौबहिनी वैदेशिक पाश्वचित्र (प्रोफाइल)** निर्माण गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२३. **वैदेशिक रोजगार सुरक्षित बनाऔं, वित्तीय साक्षरताले भविष्य सजाऔं**भन्ने उदेश्यलेसमुदाय स्तरमा र महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी कार्यक्रम साथै वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको परिवारलाई आर्थिक सहायता तथा वित्तिय साक्षरता सम्बन्धी कार्यक्रम गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२४. **उद्यमीहरुले सीप सिकुन र आय आर्जनमा आत्मनिर्भर बनुन** भन्ने उदेश्यले उद्यमशीलता तालिम पश्चात छनोट भएका उद्यमीहरुलाई प्राविधिक सीप विकास तालिमको लागि रु ६ लाख विनियोजन गरेको छु ।

२५. गाउँपालिबाट हालसम्म भए गरेका सीपमुलक तालिम तथा औजार वितरणको समिक्षा, अन्तरक्रिया तथा छलफल कार्यक्रमको व्यवस्था गरेको छु ।

२६. नौबहिनी गाउँपालिकालाई आन्तरिक पर्यटन हबको रुपमा विकास गर्ने र रोजगारी सिर्जना गर्ने उद्देश्यले कोठिभिर पर्यटन प्रर्वर्द्धन कार्यकर्मका लागि बजेट व्यवस्था गरेको छु ।

**पूर्वाधार विकासतर्फः**

२७. विगत लामो समय देखि यातायातको पहुँचबाट टाढा रहेको काइया काफलबुटा र सरिमा वस्तिलाई यातायात सञ्जालमा जोड्ने गाउँपालिकाको रणनैतिक महत्वको सडक काइया काफलबुटा सरिमा सडकको लागि प्रयाप्त वजेट विनियोजन गरेको छु ।

२८. नौबहिनी गाउँपालिकालाई झिमरुक गाउँपालिकासँग जोड्ने अन्तर गाउँपालिका स्तरीय सडक बहाने लुङ्ग तुषारा सड्क स्तरोन्नतिका लागि प्रदेश सरकारको समपूरक योजना अन्तर्गत कार्यान्वयन गर्ने गरी रु.१ करोड २५ लाख वजेट विनियोजन गरेको छु ।

२९. प्युठान जिल्ला र रोल्पा जिल्लालाई जोड्ने गाउँपालिका गौरवको सडक चिसापानी गावै डामृ मोटर बाटो स्तरोन्नती तथा कालोपत्रे निर्माण कार्यलाई निरन्तरता दिन संघीय सरकारको समपुरक अनुदान अन्तर्गत कार्यान्वयन हुने गरी आगामी आ व को लागि रु. १ करोड ५० लाख बजेट व्यवस्था गरेको छु।

३०. वडा नं. ८ को केन्द्रसम्म पुग्ने अधेरीखोला गातिना फोप्ली सडक स्तरोन्नतीका लागि आवश्यक बजेट बिनियोजन गरेको छ।

३१. गाउँपालिका भित्रका सबै बस्तीमा सडक पहुँच विस्तार गर्ने रणनीति अनुरुप लुङ्ग लेख पौवा पोखरा सडक नयाँ ट्र्याक निर्माणका लागि बजेट व्यवस्था गरेको छ।

३२. गाउँपालिका भित्रका सबै सडक बाह्रै महिना सञ्चालनका लागि मर्मत संभार गर्न रु. ५० लाख बजेट बिनियोजिन गरेको छ।

३३. मुलघाट-सारिवाङ क्षेत्रका बासिन्दाको आवतजावतलाई थप सहज, सुरक्षित र भरपर्दो बनाउन उक्त सडक खण्डको स्तरोन्नतिका लागि रुपैयाँ २० लाख विनियोजन गरेको छ।

३४. ग्रामीण क्षेत्रलाई मुख्य सडक सञ्जालसँग जोडी नागरिकको दैनिक आवतजावत र कृषि उपजको बजारीकरणलाई सहज बनाउन बल्ले-मैरामारे सडकको स्तरोन्नतिका लागि २० लाख बजेटको व्यवस्था गरेको छ ।

**क. सामाजिक विकासतर्फः**

सामाजिक विकासमा गरिएको लगानीले नागरिकको जीवनस्तर, सामाजिक समानता, मानव पूँजी विकास र समग्र स्थानीय विकासलाई दीर्घकालीन रूपमा सुदृढ बनाउँछ। यस विषयलाई मध्यनजर गर्दै सामाजिक विकास तर्फ रु ८ करोड ८७ लाख ११ हजार ८ सय मात्र बजेट विनियोजित गरेको छ । जसमध्ये

शिक्षा, युवा तथा खेलकुद तर्फ

३५. "**शैक्षिक गुणस्तर वृद्धिका लागि** विद्यालयमा गुणस्तर र निरन्तर शिक्षण– सिकाइ सुनिश्चित गर्दै विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्न आवश्यक शिक्षक व्यवस्थापन तथा शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले गाउँपालिका शिक्षक अनुदान पोशाक सहित (मावि, निमावि, प्रावि र बालविकास)को लागि रु ४ करोड ६३ लाख ५५ हजार ४ सय रुपैयाँ विनियोजन गरेको छ ।

३६. नतिजामुखी विद्यालय प्रोत्साहनको लागि अनुदान बजेट व्यवस्था गरेको छ ।

३७. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न सचेत अभिभावक, सफल विद्यार्थी अभियान कार्यक्रमअन्तरगत रु ६ लाख बजेट विनियोजन गरेको छ ।

३८. "**मेहनतको मूल्याङ्कन गरौं, कामलाई सम्मान गरौं**" भन्ने उदेश्यले उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक र उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी र विद्यालयलाई प्रोत्साहन गर्न उचित पुरस्कार तथा सम्मान कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

३९. **संघीय सरकारले राष्ट्रसेवक कर्मचारीहरुको तलबमान वृद्धि गरेको परिदृश्य तथा उच्च मुल्य वृद्धिको प्रभावलाई दृष्टिगत गरी गाउँपालिका अनुदान अन्तर्गतका शिक्षक कर्मचारीहरुको खाइपाइ आएको तलबमा १० प्रतिशत वृद्धि गरेको छ।**

४०. शिक्षकहरु सुत्केरी विदामा बस्दा हुने शैक्षिक क्षति लाई परिपुर्ति गर्न बैकल्पिक शिक्षक व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिएको छ ।

४१. स्थानीय भाषा संस्कृति, परिवेश अनुकूल स्थानीय आवश्यकतालाई समेट्दै गाउँपालिकाको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक मगर भाषामा समेत निर्माण तथा प्रकाशन गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।जसले स्थानिय मगर भाषाको संरक्षण तथा प्रवर्द्धन हुने विश्वास लिएको छ ।

४२. "**आर्थिक अभावले पढाइ नरोकोस्, पालिका सहयोगले भविष्य उज्यालो बनाओस्**" भन्ने उदेश्यले आर्थिक समस्याका कारण विद्यार्थीहरूले शैक्षिकसत्र पूरा नगरी बीचैमा कक्षा छोड्ने समस्या समाधान गर्न गाउँपालिका भित्रका

सामुदायिक विद्यालयका दलित,अपाङ्गता भएका, विपन्न तथा जेहन्दार विद्यार्थीहरूका लागि शिक्षा सहयोग कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

४३. पठनपाठन र कमजोर भएका विद्यार्थीहरू पहिचान गरी उनीहरूको न्यूनतम जग बलियो बनाउनका लागि विद्यालयहरूमा "ब्याक-टु-बेसिक" उपचार कक्षालागी आवश्यक बजेट विनियोजन गरेको छ।

४४. माध्यमिक विद्यालयहरूमा स्मार्टबोर्ड वितरण गरी प्रविधिमैत्री शिक्षण, शिक्षक डिजिटल क्षमता विकास र नियमित अनुगमन मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागी आवश्यक बजेट विनियोजन गरेको छ।

४५. अति विपन्न घरपरिवारका करिब ३९७ जनालाई बार्षिक रु ६००० का दरले छात्रावृद्धि प्रदान गर्नका लागी आवश्यक बजेट विनियोजन गरेको छ।

४६. विद्यार्थीहरूलाई व्यावहारिक, सीपमुलक र आत्मनिर्भर बनाउन "कमाउँदै पढ्दै" अवधारणा अनुरूप "उद्यमी विद्यार्थी" कार्यक्रम सञ्चालनका लागी आवश्यक बजेट विनियोजन गरेको छ ।

<u>स्वास्थ्य, आयुर्वेद तथा पोषण</u>

४७. निःशुल्क आधारभूत स्वास्थ्य प्राप्त गर्ने नागरिकहरूको मौलिक हकको सुनिश्चितता गर्नस्वास्थ्य पूर्वाधारको विकास र बिस्तारप्रति विशेष ध्यान पुर्याउदै गुणस्तरीय र पर्याप्त आधारभूत स्वास्थ्य सेवासबै नौबहिनीवासी नागरिकहरूको पहुँचमा पुर्याउन स्वास्थ्य चौकी सञ्चालन,सामुदायिक स्वास्थ्य इकाइ सुदृढीकरण, सञ्चालन तथा व्यवस्थापन, र थप स्वास्थ्य सेवाहरूबिस्तार गर्न स्वास्थ्यतर्फ विभिन्न शिर्षकहरुमा बजेट विनियोजन गरेकोछु ।

४८. महिला स्वास्थ्य स्वयंमसेविका प्रोत्साहन भत्ता ३३ प्रतिशतले वृद्धि हुने गरी आवश्यक बजेट विनियोजन गरेको छु ।

४९. गर्भवति महिलाहरुलाई स्थानिय स्तरमै सेवा स्वास्थ्यमा टेवा भन्ने उदेश्यले गर्भवती महिलाहरुको रक्त परीक्षण तथा ग्रामीण भिडियो एक्सरे कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५०. मानसिक रोग सम्बन्धी नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्नका लागि बजेट विनियोजन गरेको छु ।

५१. गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधी तथा सर्जिकल सामाग्रीहरु व्यवस्थापन गर्नका लागि स्वास्थ्य शसर्त समेत गरी रु ३० लाख ८७ हजार व्यवस्था गरेको छु ।

५२. गर्भवति तथा सुत्केरी महिलाहरुलाई जटिलता भई प्यूठान अस्पतालसम्म जादा लाग्ने एक तर्फिको एम्बुलेन्स भाडा र स्वास्थ्य संस्थामा रहदासम्मको लागि खाना खाजाको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु ।

५३. **"गोठमुक्त मातृत्व अपनाऔं, आमा– शिशुको स्वास्थ्य जोगाऔं"**गोठमुक्त सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य अभियान सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५४. **"सुत्केरी नगराउ घरमा, स्वास्थ्य संस्थाको भरमा"**भन्ने नारालाई आत्मासात गर्दै नौबहिनी गाउँपालिका वडा नं. १ स्याउलीवाङ्गमा घरमा हुने सुत्केरी कम गर्न प्रसुति प्रतिक्षा गृह स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५५. संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्न PMRRT कार्यक्रमलाई निरन्तरता दिएको छु। साथै रात्रीकालीन समयमा समेत बर्थिङ सेन्टरमा खटिने नर्सिङ कर्मचारीहरुलाई प्रोत्साहित गर्न खाजा खर्च स्वरुप दिदै आएको खाजा भत्तालाई बृद्धि गरि रु ३०० बाट ६०० पुर्याएको छु ।

५६. बहाने सामुदायिक स्वास्थ्य इकाइमा रहेको प्रयोगशालालाई थप व्यवस्थित तथा स्तरउन्नति गर्नको लागि बजेट विनियोजन गरेको छु ।

५७. गाउँघर आयुर्वेद क्लिनिक सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोन गरेको छु ।

५८. **बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता (इम्युनिटी) बढाउने उदेश्यले** १ वर्ष देखि ५ वर्ष सम्मको वालवालिकालाई स्वर्ण विन्दु प्राशन कार्यक्रम सञ्चालनको लागि रु १ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

५९.औषधीय जडिबुटिको सम्भाव्यता अध्ययन, प्रतिवेदन तयार र जडिबुटीबाट आयुर्वेद औषधि निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

६०.सुनौलो हजार दिनका विपन्न आमाहरुलाई पोषणयुक्त बाली तथा पोषण बगैचा स्थापना कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

६१.किशोर तथा किशोरीहरुलाई स्वास्थ्य पोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

६२.नौबहिनी ६ साविक लुङ गाविसका वडा नं. १ र २ का बस्तिमा रहँदै आएको खानेपानी समस्यालाई समाधान गरी नौबहिनी गाउँवासी नागरिकमा आधारभूत खानेपानीको पहुँच सुनिश्चित गर्न संघीय सरकारको विशेष अनुदान मार्फत कार्यान्वयन हुने गरी रु. ९१ लाख बजेटको व्यवस्था गरेको छ। जसबाट करिब ३०० घरधुरी नागरिक लाभान्वित हुनेछन्। साथै नौबहिनी ७ अन्तर्गतको पातचौर दारिने वस्तिका करिब ८० घरधुरीमा खानेपानीको पहुँच विस्तार गर्न लुम्बिनी प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत रु. २२ लाख बजेट बिनियोजन गरेको छ।

महिला विकास

६३. **"जात होइन, मानवता चिनौं; विभेद होइन, सम्मान दिऔं"** भन्ने नारालाई आत्मसात गर्दैविभेदमुक्त पालिका बनाउने उदेश्यले जातिय भेदभाव तथा छुवाछुत बिरुद्ध सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नको लागि बजेट व्यवस्था गरेको छ ।

६४. SEE दिएका विद्यार्थीहरुलाई मार्गदर्शन गर्नका लागि पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

६५. **"स्वस्थ युवा, समृद्ध राष्ट्र; लागुऔषधमुक्त हाम्रो प्रयास"**लागु औषध दुर्व्यसनी बिरुद्ध अभिमुखीकरण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

६६. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा वडा स्तरीय अन्तरक्रिया र अभिमुखीकरण कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

६७. सीप विकास तालिम प्राप्त महिलाहरुलाई वित्तिय साक्षरता अन्तरगत डिजिटल मार्केटिङ तथा अनलाइन बिजनेस सम्बन्धी तालिमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

वन,वातावरण र बिपद् व्यवस्थापन

६८. चालु आर्थिक वर्षमा देखिएको खडेरी, आगजानीलगायतका महामारीहरूबाटअनुभव लिँदै बिपद्बाट हुनसक्ने जोखिम र क्षति न्यूनीकरण गर्न आवश्यक पूर्वतयारी, उद्दार र राहत कार्य गर्न तथा विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित बिपद्बाट नौबहिनीवासी नागरिकलाई सुरक्षित राख्न प्रकोप व्यवस्थापन कोषमा थप रु.२० लाख बजेटको व्यवस्था गरेको छ ।

६९. जैविक विविधता, पारिस्थितिक पद्धति र वातावरण संरक्षण तथा जलवायु परिवर्तनका प्रभावलाई न्यूनीकरण गर्न एक वडा एक रिजार्ज पोखरी निर्माण आवश्यक बजेट व्यवस्था गरेको छ।

सूचना प्रविधि, सुशासन तथा संस्थागत विकास

७०. सूचना प्रविधिको वर्तमान युगमा गाउँपालिकालाई सूचना र प्रविधिमैत्री बनाउन र सेवा प्रवाहमा नवीनता र शीघ्रता ल्याउन डिजिटल प्रोफाइल अध्यावधिक र आवधिक तथा निर्माणका लागिरु.५लाख बजेट विनियोजन गरेको छ।

७१. सेवा प्रदायक कर्मचारी र नीति निर्माता जनप्रतिनिधिहरूलाई आमनागरिकप्रति जवाफदेही बनाउन सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ कार्यक्रमका लागि समेत रकम व्यवस्था गरेको छ ।

७२. स्थायी सरकारका रूपमा रहेको कर्मचारीतन्त्रको क्षमता वृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त र नतिजामुखी बनाउने उद्देश्यले कर्मचारी तालिम लगायत क्षमता विकाससँग सम्बन्धित कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छ ।

७३. गाउँपालिकाको अर्थ व्यवस्थामा उच्च दबाबका बाबजुद पनि गाउँपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत समान तह र पदमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राख्न न्यूनतम ८ प्रतिशत देखि उच्चतम २५ प्रतिशत सम्म तलब वृद्धि गरी तलब स्केल समायोजन गरेको छ। यसबाट सेवा प्रवाह, सुशासन र विकास व्यवस्थापनमा चुस्तता आउने अपेक्षा लिएको छ।

### न्यायिक समिति तर्फ

७४."**सबैका लागि न्याय, समुन्नत समाजको आधार**"वडा स्तरमा (महिला, दलित, जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग) व्यक्तिहरुका लागि न्यायमा पहुँच सम्बन्धी सचेतना कार्यक्रम लागि रु २ लाख ५० हजार बजेट विनियोजन गरेको छ ।

७५.**विद्यार्थी र शिक्षक सचेत बनौं, कानुनी ज्ञानले सशक्त बनौं**माध्यमिक विद्यालयहरुमा (कक्षा ९, १०) र सम्बन्धित विषयगत शिक्षकका लागि कानुनी सचेतना कार्यक्रमको लागि रु २ लाख बजेट विनियोजन गरेको छ ।

### उपाध्यक्ष कोशेली कार्यक्रम तर्फः

७६. गर्भवति महिला उद्धार कार्यक्रममा खटिएका महिला स्वास्थ्य स्वयंसेविकाको लागि सम्मान कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

### श्रम र रोजगारी सिर्जना

७७. गाउँपालिकाभित्र सञ्चालन हुने सडक, सिँचाइ, भवन, पुल, नदी नियन्त्रण, वृक्षरोपण लगायतका योजना तथा कार्यक्रममा आवश्यक पर्ने निर्माण सामग्री व्यवस्थापन गरी रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई काममा लगाउन राष्ट्रिय रोजगार कार्यक्रमसँग साझेदारी गर्न वडागत रूपमाबजेटव्यवस्था गरेको छ ।

७८. आन्तरिक रोजगारी प्रवर्धनको लागि वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता प्रवर्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छ ।

७९. गाउँपालिका भित्र उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाहरू कार्यान्वयन गर्दा अनिवार्य रूपमानिश्चित प्रतिशत कार्य स्थानीय बासिन्दाहरूको सहभागितामा नै गर्नुपर्ने प्रावधान राखी रोजगारीको अवसर सिर्जना हुने व्यवस्था मिलाएको छ ।

८०. आर्थिक वर्ष २०८३/०८४का लागि गाउँपालिकास्तरीय, वडागत, विषयगत शाखा, आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा बिपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा विनियोजन भएको बजेट अनुसूचीमा समावेश गरेको छ।

**सभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरू,**

अब म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु।

८१. आर्थिक वर्ष २०८३।०८४ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु. **५६ करोड ७९ लाख ३१ हजार ८ सय** खर्च हुने अनुमान गरेको छ ।

८२. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु.१० करोड ९८लाख, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व बाँडफाँट(वन रोयल्टी र

विद्युत समेत)रु.११करोड ९७लाख ९हजार,संघीयसशर्त अनुदानतर्फरु.२४ करोड ९१ लाख, नेपाल सरकारबाट प्राप्त हुने बिशेष अनुदान ९१ लाख,प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु.७१ लाख ९५ हजार, प्रदेश राजश्व बाँडफाँट प्राप्त १ करोड १४ लाख ९५ हजार, नेपाल सरकारबाट प्राप्त समपूरक अनुदानरु.१ करोड ८५ लाख,प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान रु.२२ लाख, प्रदेश सशर्ततर्फ रु. ७० लाख र समपूरक अनुदान रु.७५ लाख,गाउँपालिकाको आन्तरिक आय जम्मारु.२ करोड ४९ लाख १२ हजार ८ सय प्राप्त हुने अनुमान गरेको छ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरू,**

**अब म आ.व २०८३।०८४ को लागि व्यय अनुमानको विवरण प्रस्तुत गर्न चाहन्छु ।**

८३. आ.व २०८३/०८४ मा प्राप्त हुने अनुमानित कुल रु. ५६ करोड ७९ लाख ३१ हजार ८ सय रुपैयाँ बजेट मध्ये कुल विनियोजनयोग्य बजेट रु. २७ करोड ९० लाख ३१ हजार ८ सय रहेको र सो मध्ये प्रशासनिक खर्चतर्फ रु. ११ करोड ४० लाख ३० हजार र पुँजीगततर्फ रु. १६ करोड ५० लाख १ हजार ८ सय मात्र रहेको छ । कुल बजेट मध्ये वडास्तरीय योजना तथा कार्यक्रमका लागि २ करोड ८० लाख र विषयगत शाखाहरूका लागि रु. ६ करोड ८७ लाख २१ हजार ८ सय र समपूरक कोषतर्फ रु. १ करोड ३० लाख,

गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमहरूका लागि ५ करोड ५२ लाख ८० हजार रुपियाँ मात्र विनियोजन गरेको छ । संघ र प्रदेश सरकारबाट प्राप्त सशर्त, विशेष र समपूरक अनुदान तर्फका योजना तथा कार्यक्रमहरू अनुसूचीमा संलग्न गरेको छ ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यहरू,**

८४. प्राप्त बजेट तथा स्रोत साधनको अधिकतम प्राथमिकीकरण गरी विनियोजन गरिएको यस वार्षिक बजेटको कार्यान्वयनमा सोही बमोजिम नौबहिनीबासी नागरिकहरूको रचनात्मक र अर्थपूर्ण सहभागितालाई सुनिश्चितता गर्दै जनताद्वारा, जनताका लागि, जनताका माध्यमबाट नै गरिने शासन पद्धतिको वास्तविक अनुभूति दिलाउन हाम्रो सरकार पूर्ण रूपमा इमान्दार प्रयासरत र प्रतिबद्ध छ।

८५. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने संघ तथा प्रदेश सरकार, गाउँपालिका अध्यक्ष,गाउँसभाका सदस्यहरू,गाउँपालिकाका पूर्व जनप्रतिनिधिहरू, शिक्षकहरू,विभिन्न राजनीतिक दल,राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, सुरक्षाकर्मी, नागरिक समाजका व्यक्तित्वहरू, समाजसेवी, बुद्धिजीवि, पत्रकार तथा विद्यार्थीहरूबाट प्राप्त सुझाव,सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु।

८६. आर्थिक वर्ष २०८३/०८४को एकीकृत बजेट तथा कार्यक्रमहरू अनुसूचीमा उल्लेख गरेको छ र यथाशीघ्र वार्षिक बजेट पुस्तिका प्रकाशनगरी सबै नौबहिनीवासी नागरिकहरू र सरोकारवालाहरू समक्ष उपलब्ध गराउनुका साथै गाउँपालिकाको वेबसाइटमा सार्वजनिक गर्ने व्यवस्था समेत मिलाएको छु ।

८७. अन्त्यमा,गाउँपालिकाको सर्वाङ्गीण विकास, सामाजिक न्याय, समता, नागरिकको खुसीर समृद्धिको दीर्घकालीन गन्तव्य हासिल गर्ने एक माध्यमका रूपमा हाम्रो सरकारले लिएको प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि विगतमा जस्तै राष्ट्र सेवक कर्मचारी, देशभित्र र बाहिर रहनु भएका विकासप्रेमी नौबहिनीवासी नागरिक, राजनैतिक दलहरू लगायत सबै पक्षको अपनत्व र पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

**धन्यवाद ।**

**विष्णा थापा**
**उपाध्यक्ष**
**मितिः २०८३/०३/०९**